# प्रदेश सभा

# सामाजिक विकास समिति

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**बैठक संख्या:**४०

**मिति:**२०८१।०५।१४

## छलफल तथा निर्णय

**निर्णय १**

सामाजिक विकास समितिको मिति २०८१।०५।०५ गते बसेको ३९औं बैठकको निर्णयानुसार माग भएबमोजिम समिति सचिवालयमा प्राप्त भएको विवरणहरु समिति समक्ष पेश भयो । तत्सम्बन्धमा आवश्यक छलफल आगामी दिनका बैठकहरुमा गर्ने निर्णय गरियो ।

**निर्णय २**

समिति सचिवालयबाट तयार गरिएको **सामाजिक विकास समितिको कार्यविधि, २०८१ को मस्यौदा**का सम्बन्धमा समितिमा दफावार छलफल भयो । छलफलका क्रममा औचित्यता र सान्दर्भिकताका आधारमा समितिका माननीय सदस्यहरुबाट प्राप्त रचनात्मक सुझाव समेतलाई उक्त मस्यौदामा समावेश गरी समितिको अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय ३**

दफावार छलफलका लागि समितिमा प्राप्त भएको सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा समयानुकुल हुने गरी आगामी बैठकमा छलफल अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय ४**

अर्को सुचना जारी नभएसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो ।